निर्णय :-
बाढीका कारण कृषि क्षेत्रलाई हुने गरेको क्षतिको विवरण समुचित रुपमा संकलन गरी सम्बन्धित निकायलाई समयमै नपठाउने गरिएको कारण यस जिल्लाका कृषकहरुले राज्यका तर्फबाट सो क्षेत्रका लागि प्राप्त हुने राहत समुचित रुपमा नपाउने गरेको गुनासो प्राप्त हुन आएको हुँदा सम्बन्धित कार्यालयले कृषि क्षेत्रमा बाढीका कारण भएको क्षतिको विवरण नियमानुसार संकलन गरी सम्बन्धित निकायलाई समयमै पठाउन आवश्यक व्यवस्था मिलाउन कृषि ज्ञान केन्द्र, सप्तरीलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय :-
यस जिल्लामा संचालित पम्प नहर प्रणाली, चन्द्र नहर प्रणाली र वितरण नहर प्रणालीहरुमा पुग्न गएको क्षतिहरुको आपतकालीन मर्मत सम्भार गरी तत्काल सुचारु ढंगले नहर संचालन गर्ने व्यवस्था मिलाउन सम्बन्धित कार्यालयले आपत्कालीन बजेट व्यवस्थाका लागि जलश्रोत तथा सिचाई विभागसँग आवश्यक समन्वय एवं पहल गर्ने निर्णय गरियो ।

निर्णय :-
स्थानीय विपद् व्यवस्थापन कोषबाट अपुग भई वा अन्य कुनै कारणले विपद्मा परेका व्यक्तिलाई उपलब्ध गराउनु पर्ने राहत सामग्रीका लागि सहयोग आवश्यक भएमा सो को विवरण स्थानीय तहले पठाउने र सो बमोजिमको सामग्री तयारी हालतमा राख्न दातृ संस्था, विकास साझेदार एवं गै.स.स. हरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय :-
Save the Children, WHH,KVS, सबल नेपाल लगायतका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरुले आजको बैठक मार्फत उक्त संस्थामा उपलब्ध रहेको वा आवश्यकतानुसार उपलब्ध गराउन सकिने राहत सामग्रीहरुको जानकारीलाई मध्य नजर राख्दै उक्त संस्थाहरुलाई त्यस्ता राहत सामग्रीहरु पनि तयारी अवस्थामा राख्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय :-
स्थानीय विपद् व्यवस्थापन कोषबाट वा स्थानीयतहको एकल प्रयासबाट सम्पन्न हुन नसक्ने प्रकृतिका काम वा सोही अनुसारको राहतको सन्दर्भमा प्रदेश र केन्द्र सरकारबाट सहयोग माग गर्नुपर्ने भएमा विपद्को स्थिति वा पिडीतको पूर्ण विवरण सहित सम्बन्धित स्थानीय तहले आवश्यक व्यवस्था मिलाई अविलम्ब माग गर्ने निर्णय गरियो ।

निर्णय :-
महुली नदीको भेडियामा भइरहेको कटानबाट सम्भावित ठूलो क्षतिलाई तत्कालका लागि नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय उपभोक्ता समिति र सर्वसाधारण जनताको सहयोगमा सफलतापूर्वक रोकथाम गर्न सकिएको भएता पनि सो बाहेक तपसीलमा उल्लेखित स्थानहरुमा निकै नै क्षति पुगेकाले सो स्थानहरुमा तत्काल नदी नियन्त्रण सम्बन्धी कार्य गर्नुपर्ने आवश्यक देखिन आएको हुँदा सो कार्यका लागि लाग्ने खर्चको ल.ई. तयार गरी जलश्रोत तथा सिचाई विकास डिभिजन, सप्तरीले ताल्लुक निकायसँग आवश्यक बजेट व्यवस्थापनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल:

| नदीको नाम | | स्थान |
|---|---|---|
| क) महुली नदी | - | भेडिया |
| ख) महुली नदी | - | धनपुरी, मैनाकडेरी, ठेलिया |
| ग) खडक नदी | - | कविलासा, गोविन्दपुर |
| घ) विहुल नदी | - | मधुवनी, कमलदहा |

प्रतिलीपी प्रमाणित

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

०७८/८/१९

प्रशासकीय अधिकृत